जनहितमा जारी

मानिस-मानिसबीच ३ फिटको दूरी अवश्य कायम गरौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

prateekdaily.com

कोभिड-१९ को सङ्क्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं; विदेशबाट फर्किएकाहरूलाई दुर्व्यवहार नगरौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ कात्तिक १७ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2020 November 02 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ७२

## बनाएको दोस्रो दिन कालोपत्रे उप्कियो

## प्रजिअलाई अनुगमन गर्न स्थानीयको आग्रह



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १६ कात्तिक/

वीरगंज-ठोरी निर्माणाधीन हुलाकी सडकको काम गुणस्तरहीन भएपछि अनुगमनको माग गर्दै स्थानीयले सडक अवरुद्ध गरेका छन् ।

ठोरी वडा नं ३ अन्तर्गत ढुङ्गे बजार क्षेत्रमा कालोपत्रेको अन्तिम 'लेयर' पिच गरेको दुई दिन नबित्दै उप्किएपछि स्थानीयले विराध गरेका हुन् । दशैंको बेला स्थानीय बासिन्दा आआफ्नै घरमा व्यस्त रहेको मौका छोपी निर्माण कम्पनीले हतार-हतारमा कालोपत्रे गरेको र अन्तिम 'लेयर' पिच हातले खोस्रिंदा उप्किएको ढुङ्गे बजारका बासिन्दाले बताएका छन् । "मोटरसाइकल गुड्दासमेत भत्कने कालोपत्रे ठूला सवारी दौडेपछि के होला ?" ठोरी-३ का वीरमान श्रेष्ठले प्रतीकलाई बताए । "कालोपत्रेमा प्रयोग भएका गिट्टी जाम भएको छैन, औजारविना हातले नै कोट्याउन सकिन्छ," उनले भने ।

हुलाकी सडक निर्माण परियोजनाका प्राविधिकहरूका अनुसार सडकमा डबल कोड अर्थात् दुई लेयरको कालोपत्रे हुन्छ । पहिलो लेयरभन्दा दोस्रो अर्थात् अन्तिम लेयर निकै मिहीन र एकापसमा जाम भएको हुनुपर्छ । तर ठोरी क्षेत्रको हुलाकी सडकमा पहिलो लेयरभन्दा दोस्रो लेयर बुरबुराउँदो, छिद्र भएको र एकापसमा जाम नभएको अवस्थामा छ ।

कालोपत्रेको अन्तिम लेयर गर्ने बेला मेशिनमा आएको खराबीका कारण केही ठाउँमा पिच उप्किएको बानियाँ निर्माण सेवामा कार्यरत एक प्राविधिकले नाम नछाप्न आग्रह गर्दै खुलासा गरे । तर निर्माण कम्पनीका फिल्डमा खट्ने अधिकारीहरू भने आफ्नो कमजोरी लुकाउन गुणस्तरहीन कामलाई नै सदर गराएर अगाडि बढ्ने पक्षमा देखिएका छन् ।

सडक निर्माण गरिरहेको बानियाँ निर्माण सेवाका फिल्ड इन्चार्ज उद्धव न्यौपानेले भने निर्माण कार्य गुणस्तरीय रहेको दाबी गरे । केही असन्तुष्ट व्यक्तिले विरोध गरेको भन्दै उनले उपल्लो निकायबाट आउने अनुगमन टोलीले जे निर्देशन दिन्छ, आफूले त्यस्तै गर्ने बताए ।

यसअघि पनि कालोपत्रे गर्ने क्रममा ठोरी मेलचोक, विजयबस्तीलगायतका क्षेत्रमा कालोपत्रे गुणस्तरहीन भएको भन्दै स्थानीयले काम अवरुद्ध गरेका थिए । केही स्थानमा काम जहाँको त्यहीं छ भने केही स्थानमा सुधार गरेर काम अगाडि बढेको छ ।

ढुङ्गे बजार क्षेत्रका बासिन्दाले मुख्यतः फिल्डमा खट्नेहरूकै दोष रहेको भन्दै पर्साका प्रमुख जिल्ला अधिकारी, हुलाकी सडक परियोजनाका अधिकारी र निर्माण कम्पनीका मुख्य ठेकेदार फिल्डमा आएर कामको निरीक्षण गरी दोषीमाथि कारबाई गर्नुपर्ने माग राखे । सबै पक्षलाई निर्माण कम्पनीले फिल्डमा नल्याएसम्म काम अगाडि बढ्न नदिने उनीहरूको अडान छ ।

सो सम्बन्धमा पर्साका प्रमुख जिल्ला अधिकारी आसमान तामाङले सडक निर्माणमा पहिलो चरणको कालोपत्रे गर्दा पनि केही गुनासा आएको स्मरण गर्दै आफूले तत्काल निर्माण कम्पनीका ठेकेदार, स्थानीय प्रहरी र स्थानीय सरकारलाई समेत जानकारी गराइ सुधार गर्न लगाएको बताए । ढुङ्गे बजार क्षेत्रको अन्तिम कालोपत्रेमा समस्या आएकोबारे आफूलाई जानकारी नआएको भन्दै प्रजिअ तामाङले वास्तविकता बुझेर तत्काल आवश्यक प्रक्रिया अगाडि बढाउने बताए ।

## सिम्रौनगढका ऐतिहासिक मूर्तिको संरक्षण भएन

प्रस, सिम्रौनगढ, १६ कात्तिक/

ऐतिहासिक महत्त्व राख्ने बाराको धार्मिक एवं पर्यटकीय स्थल सिम्रौनगढमा पुराना मूर्तिहरूको व्यवस्थापनमा कसैले पनि ध्यान दिएको छैन ।

अमृतगंजस्थित रानीवास रामजानकी मन्दिरको प्राङ्गणमा अहिले ऐतिहासिक मूर्ति अलपत्र अवस्थामा छ । सन् १३५० मा दिल्लीका बादशाह ग्यासुद्दीन तुगलकले सिम्रौनगढमा आक्रमण गर्दा मूर्तिको हात भाँचिएको थियो ।

बहुमूल्य कालो पत्थरमा अङ्कित कालीमाताको यो मूर्ति अहिले त्यत्तिकै मन्दिर प्राङ्गणमा राखिएको छ । सोको व्यवस्थापनतर्फ कसैले पनि ध्यान दिएको छैन ।

सिम्रौनगढ बजार, अमृतगंज रानीवास बजार, खजानी, मौवाही, ननसागरा ढाट, झवानी, कमलपुर, सतुवाही, हरिहरपुर, गङ्गानगर, कोतवाली, नैकाटोला, बिसुनपूर्वा, सानो-ठूलो इटवाल, कनकपुरलगायतका ठाउँमा ऐतिहासिक एवं पुरातात्त्विक मूर्तिहरू बेलाबखत भेटिने गरेका छन् ।



कालीमाताको ऐतिहासिक मूर्ति अलपत्र अवस्थामा । तस्वीरः रामेश्वर मेहता

यसरी भेटिएका मूर्तिहरू केही निजीस्तरमा गाउँलेहरूले घरमा राखेर पूजाआजा गर्दै आएका छन् भने कतिपयले मन्दिर बनाएर व्यवस्थापन गरेका छन् । केही मूर्ति चोरी, तस्करीबाट बिक्री भएको पनि छ ।

ऐतिहासिक, पर्यटकीय तथा धार्मिक स्थल सिम्रौनगढका मूर्तिहरू सरकारले संरक्षण गर्नुपर्ने स्थानीयको माग छ । संरक्षणमा प्रदेश र स्थानीय सरकारले पनि ध्यान दिएको पाइएको छैन ।

## महानगरका विद्यालय कात्तिक २३ गतेदेखि खुल्ने

प्रस, वीरगंज, १६ कात्तिक/



सामुदायिक विद्यालयका शिक्षकहरूको बैठक । तस्वीरः प्रतीक

वीरगंज महानगरपालिका शिक्षा महाशाखाले आयोजना गरेको सामुदायिक विद्यालयहरूको बैठकमा कात्तिक २३ गते आइतवारदेखि महानगरका सबै विद्यालय सञ्चालन गर्ने निर्णय भएको छ ।

शिक्षा महाशाखाका शाखा अधिकृत हरिराउत कुर्मीले कात्तिक २३ गते आइतवारदेखि कक्षा ८ देखि १० सम्मका कक्षा सञ्चालन हुने निर्णय भएको बताए । उनले तोकिएको स्वास्थ्य मापदण्ड अवलम्बन गर्दै सामाजिक दूरी कायम गरेर एउटा बेन्चमा दुईजना विद्यार्थी बस्ने गरी विद्यालय खोल्न सहमति भएको बताए । महानगरमा भएका सबै विद्यालयले अभिभावकहरूसँग सहमति गरेर विद्यालयलाई विसङ्क्रमित गर्ने, विद्यालयमा साबुन-पानीको व्यवस्था गरी तत्काल कक्षा ८ देखि १० सम्म कक्षा सञ्चालन गर्ने सहमति भएको बताए ।

आइतवार सामुदायिक विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू सम्मिलित भेलाले यो निर्णय गरेको हो । विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयहरूले सिफ्ट बढाएर र थोरै भएका विद्यालयहरूले एक सिफ्टमा कक्षा सञ्चालन गर्ने सहमति भएको छ । सामुदायिक विद्यालयका प्रअ र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू भेला भएपनि महानगरमा रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरू सञ्चालन गर्ने निर्णय भएको हो ।

बैठक वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीको अध्यक्षतामा बसेको थियो ।

## बालिकाको बलात्कार तथा हत्या प्रयास

प्रस, सर्लाही, १६ कात्तिक/

सर्लाहीमा १० वर्षीया बालिकाको बलात्कार र हत्या गर्ने प्रयास गरेको अभियोगमा एकजना भारतीय युवक पक्राउ परेका छन् । पक्राउ पर्ने सीमावर्ती भारतीय क्षेत्र सीतामढीका २७ वर्षीय मुकेश मुखिया रहेको प्रहरीले जनाएको छ ।

सर्लाहीको पर्सा गाउँपालिका वडा नं ५ कि १० वर्षीया एक बालिकालाई खेतमा घाँस काट्न गएको बेला एक्लै पारी भारतीय युवकले बलात्कारको प्रयास गरेका थिए ।

बालिकाले प्रतिकार गर्दै चिच्याएपछि युवकले बालिकाको घाँटी रेटेर हत्या प्रयास गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

घटना विवारण अनुसार शुक्रवार दिउँसो बालिका खेतमा घाँस काटिरहेका बेला साइकलमा चढेर आएका भारतीय युवक मुखियाले बलात्कारको प्रयास गर्दा बालिका चिच्याएपछि बालिकाको हँसिया खोसेर उनको घाँटी रेट्ने प्रयास गरेका थिए । सो क्रममा बालिकाको हातको औंला र घाँटीमा समेत गहिरो चोट लागेको छ । युवकले बालिकाको घाँटीमा हँसियाले आक्रमण गरेको र त्यहीं बेला सो बाटोमा मोटरसाइकल सवार अर्को एक यात्रु आएपछि उनले बालिकालाई बचाएको वडा नं ५ का अध्यक्ष उमेश यादवले बताए ।

बालिकाको घाँटीमा ७ वटा र औंलामा तीनवटा टाँका लागेको वडाध्यक्ष यादवले जानकारी दिए । वडाध्यक्ष यादवका अनुसार मुकेश रक्सी पिएर लट्ठ भएका थिए । उनी कसरी किन नेपाल आएका हुन् खुलासा भएको छैन ।

(बाँकी अन्तिम पातामा)

## निकुञ्ज छिरेको एक्साभेटर नियन्त्रणमा

प्रस, वीरगंज, १६ कात्तिक/

अनुमतिविना पर्सा राष्ट्रिय निकुञ्जभित्र छिरेको एक्साभेटरलाई नेपाली सेनाले नियन्त्रणमा लिएको छ ।

आइतवार दिउँसो ३ बजे जीराभवानी गाउँपालिकाको एक्साभेटर निकुञ्जसँग अनुमति नलिएर मध्यवर्ती क्षेत्रमा पर्ने बाघमोर्चा पुलको दक्षिणतर्फ खोलामा तटबन्ध बाँध्ने क्रममा नेपाली सेनाको टोलीले सो एक्साभेटरलाई नियन्त्रणमा लिएको पर्सा राष्ट्रिय निकुञ्ज गढुवापोस्टका प्रमुख सहायक संरक्षण अधिकृत सूर्य खड्काले बताए । उनले एक्साभेटरलाई गढुवा पोस्टमा राखिएको र कानूनबमोजिम कारबाई हुने बताएका छन् ।

## छोटकरी

### ट्याक्टर पल्टिंदा एकजनाको मृत्यु

प्रस, सेढवा, १६ कात्तिक/

जगरनाथपुर गाउँपालिकामा ट्याक्टर पल्टिएर एकजनाको मृत्यु भएको छ । आइतवार बिहान साढे १० बजे जगरनाथपुर गापा-४ बाट धान खरीद गरी वीरगंज लैजाने क्रममा चन्द्रावती खोलाको पुलमा ट्याक्टर पल्टिएर जगरनाथपुर गापा-२ लक्ष्मीपुर निवासी ३५ वर्षीय राममनोहर साहको मृत्यु भएको प्रहरी चौकी पाँडेपुरका प्रसनि आदर्श खतिवडाले बताए ।

मृतक साह ट्याक्टर साहु भएको र उनैले ट्याक्टर चलाएको प्रसनि खतिवडाले जानकारी गराएका छन् ।

## ई कोइरीलाई पुत्रशोक

प्रस, वीरगंज, १६ कात्तिक/

ज्येष्ठ नागरिक सङ्घ पर्साका सहकोषाध्यक्ष इन्जिनीयर वैद्यनाथप्रसाद कोइरीलाई पुत्रशोक परेको छ ।

ई कोइरीका जेठा छोरा डा अशोक कुशवाहाको आइतवार निधन भएको हो ।

डा कुशवाहा केही समयदेखि अस्वस्थ थिए ।

## २५ दिनसम्म पनि दाहसंस्कार हुन सकेन

प्रस, सर्लाही, कात्तिक १६/


कुटपिटबाट मृत्यु भएका सर्लाही रामनगर निवासी महेन्द्र रामको २५ दिन बितिसक्दा पनि दाहसंस्कार हुन सकेको छैन ।

कुटपिटमा संलग्न अभियुक्त सबैलाई पक्राउ गर्नुपर्ने र पीडित पक्षलाई राहत तथा क्षतिपूर्ति पाउनुपर्ने माग गर्दै मृतकका परिवारजन आन्दोलनमा छन् ।

प्रहरीले घटनामा संलग्न रहेको शङ्कामा तीनजनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जनाएको छ ।

मृतक रामका परिवारजनले भने घटनामा संलग्न थप ९ जनालाई पक्राउ गरी कारबाही गर्नुपर्ने माग गरेका छन् । गत २१ गते कुटपिटबाट गम्भीर घाइते रामको उपचारको क्रममा नारायणी उपक्षेत्रीय अस्पताल वीरगंजमा मृत्यु भएको थियो ।

## हार्दिक समवेदना



स्व. यादवप्रसाद उपाध्याय

यस संस्थाका उपाध्यक्ष **यादवप्रसाद उपाध्याय**को दुःखद अवसानले हामीलाई मर्माहत तथा स्तब्ध तुल्याएको छ । दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै दुःखको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भन्ने प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**अशोक लाठ** (अध्यक्ष) *तथा*

**रिलिफ सोसाइटी अफ कमर्स वीरगंज परिवार**

जिन्दगी कति बाँचियो भन्ने कुराको कुनै अर्थ छैन। अर्थ त यस कुरामा छ कि जिन्दगीबाट कति खुशी प्राप्त भयो।

-विचारसार र सूक्तिहरू


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## सर्टकट

**एकता हरेक ठाउँमा आवश्यक छ। केटाकेटीदेखि पढ्दै आएको एउटा लौरो जसले पनि भाँच्न सक्छ, त्यही लौरो दशवटा एकसाथ बाँधिदियो भने हात्तीले पनि भाँच्न सक्दैन। यस्ता कथाका हजारौं होइन, लाखौं संस्करण छन्। यस कुरालाई अहिलेको पुस्ताले झन् गहिरोगरी बुझेको छ र पो खास समुदायको उत्थानका लागि त्यसै समुदायबीच एकताको आह्वान हुने गर्दछ। तर नबुझ्न सकिएको कुरा के हो भने एउटा लौरो भाँचिने तर दशवटा लौरो नभाँचिने उदाहरण दिइरहँदा सबै लौरो बाँसकै हुनुपर्छ भन्ने छ र ! बाँस, साल, बेंतजस्ता अन्यान्य लौरो समेटेर दशवटाको समूह बनाइयो भने के त्यो कमजोर हुन्छ ? आज जुन रूपमा जातिविशेष, धर्मविशेषको विभिन्न संस्थाहरू गठन गर्ने होडबाजी चलेको छ, त्यसले त लौरो एकैजातको वनस्पतिको भयो भने मात्र बलियो हुन्छ भन्ने देखिन्छ। भर्खरै एउटा जातीय सङ्गठनको कार्यक्रम भयो। त्यहाँ आफ्नो जातविशेष सङ्गठित नहुँदा, एकता नहुँदा जिल्ला पछाडि परेको कुरा जिल्लाकै नाम चलेका नेताहरूले घन्काए। के त्यस जातिविशेषको मात्र एकता भयो भने जिल्ला अगाडि बढ्छ ? कि जिल्लामा भएका सम्पूर्ण जाति नै एक ढिक्का भए भने जिल्ला झन् बलियो र अग्रगामी हुन्छ ?**

**हामीकहाँ लोकतन्त्र आएपछि केही कुरा सकारात्मक देखिएको त छ, तर त्यो सकारात्मकता सङ्कीर्ण छ, त्यसको परिधि साँघुरो छ। कुनै जातिविशेषले आफ्नो जीवनशैली सुधार्न, समाजमा अगाडि बढ्न सङ्गठनात्मक शक्ति खोज्दछ भने त्यो अति राम्रो कुरा हो। किनभने जातीय संरचनामा आधारित हाम्रो समाजमा सदीयौंदेखि खासखास जातिहरू शोषित, दमित रहेका छन्। उनीहरूको उत्थान सङ्गठनविना सम्भव पनि छैन। उत्थान त के, एकताविना उनीहरूले पहिचान पनि पाउन सक्दैनन्। आज त्यही सङ्गठनको भरमा नजानेको, नामै नसुनेको, औधी दयनीय अवस्थामा रहेको जातिबारे हामी जानकार हुन सकेका छौं। तर यस्तो जातीय सङ्गठनको उद्देश्य सामाजिक पहिचान, राज्यप्रदत्त सुविधाको खोजी तथा समग्र समुदायको उत्थानको लागि हो भने त्यो कारगर हुन सक्छ। तर देखिएको के छ भने यस्ता जातीय सङ्गठनहरू व्यक्तिविशेषको स्वार्थपूर्तिमा उपयोग हुने गरेका छन्। हामीकहाँ सबैभन्दा सबल क्षेत्र राजनीति भएकोले मानिसमा राजनीतिक उचाइ प्राप्त गर्नु जातीय सङ्गठनलाई भऱ्याङ बनाइन्छ।**

**जातीय सङ्गठन निर्वाचन लड्नसम्मका लागि सीमित देखिएकोले यसको शक्ति क्षीण बन्दै गएको छ। त्यसमा राजनीतिकर्मीहरूको बाक्लो उपस्थिति र समुदायका बुजुर्ग, अगुवा, सामाजिक कार्यकर्ताहरू न्यून सङ्ख्यामा मात्र देखिन्छन्। राजनीतिक उद्देश्य नबोकेका जातीय सङ्गठनहरूले समुदायको हितमा काम पनि गरेका छन्। यस्ता सङ्गठनहरूले परम्परादेखि चल्दै आएको कुप्रथा हटाउने, समुदायमा शिक्षाको प्रसार गर्नेजस्ता सकारात्मक धारणा अघि सारेर काम गर्ने र त्यसमा शक्तिहीनहरूको शक्तीकरण गर्दै जाने हो भने प्रकारान्तरमा जिल्लामात्र होइन, देशकै हितमा काम गरेको देखिने छ। जुन जातिको बाहुल्य छ, त्यो शिक्षा क्षेत्रमा, सामाजिक सुधारको क्षेत्रमा, सांस्कृतिक सबलताको सवालमा अघि बढेको देखियो भने त्यसले स्वतः राजनीतिक अभीष्ट पनि पूरा हुन्छ। तर यो लामो बाटो हो, मानिसलाई त शर्टकट नै मन पर्छ।**

# मूल्यवृद्धि अहिलेको ठूलो समस्या

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**युवा पलायन रोक्ने, स्वदेशमैं रोजगारको सम्भावना बढाउने र कृषि उत्पादनमा वृद्धि हुने खालको देश सुहाउँदो शिक्षा नीति ल्याउन आवश्यक छ। यी उपाय पनि मूल्यवृद्धि न्यून गर्न सहयोगी हुन सक्छ। तर कोरोनाबाट जोगिन जो देश फर्केका थिए, पुनः विदेशिन बाध्य छन्।**

प्रत्येक स्थिति र अवस्थाको दुईवटा पक्ष हुन्छ। पहिलो आन्तरिक र दोस्रो बाह्य। बाह्य अवस्थालाई मानिसले कृत्रिमताबाट सुधार गर्न सक्छ तर आन्तरिक अवस्था बिग्रेपछि मानिसको सर्वनाश नै हुन्छ। बाहिरी शत्रुको मानिसले उपेक्षा पनि गर्न सक्छ तर आन्तरिक शत्रुलाई वशमा गर्न धेरै कठिन हुन्छ। यही नियम हाम्रो देशको स्थितिमा पनि लागू हुन्छ। हाम्रो देशको बाहिरी स्थिति जति सुदृढ वा विदेशमा गएर हामीले जति सम्मान प्राप्त गरे तापनि वा हाम्रो विदेश नीति जति सफल भए तापनि वा हाम्रो सीमा सुरक्षा जति सबल भए पनि, यदि आन्तरिक स्थिति बलियो छैन भने एक दिन अवश्य नै हाम्रो देशको पतन हुनेछ। देशको आन्तरिक स्थिति धनधान्य र अन्नमाथि निर्भर गर्दछ। आज हाम्रो देशको प्रमुख समस्या हरेक दिन सुरसाको मुखजस्तै तन्किइरहेको दैनिक उपभोगका वस्तुहरूको मूल्य रहेको छ। यसबाट सम्पूर्ण देशको जीवन नै अस्तव्यस्त भइसकेको छ। एकातिर कोरोनाजस्तो महामारी र अर्कोतिर मानिसलाई चाहिने खाद्य पदार्थ, विद्युत्जस्ता दैनिक उपभोगका वस्तुहरूको मूल्य दिनानुदिन वृद्धि भइरहेको छ। यसले गर्दा मानिसलाई जीवन निर्वाह गर्न बडो गाऱ्हो भइरहेको छ। आज रुपियाँको कुनै मूल्य छैन। सामानको भाउ कैयौं गुणा बढिसकेको छ। गरीब र मध्यम वर्गका मानिसलाई जीवन धान्न गाऱ्हो भइसकेको छ। अभाव र असन्तुष्टि समाजमा दिन प्रतिदिन बढ्दै गइरहेको छ।

अर्थशास्त्रीहरूका अनुसार जब उत्पादन बढ्छ, वस्तुको मूल्य घट्छ। सरकारी तथ्याङ्कले कोरोना महामारीले गर्दा स्वदेशी उत्पादन खेर गइरहेको छ, तर सामानको भाउ भने बढेको छ। यो आश्चर्यजनक कुरो हो। आज मानिसले घर बनाउन सिमेन्ट किन्न जाँदा धेरै पटक सोच्नुपर्ने हुन्छ। जीवनको लागि चाहिने अन्य वस्तुहरूको मूल्यमा पनि आशाभन्दा बढी वृद्धि भएको छ। अर्थशास्त्रका विद्वान्हरूका अनुसार खाद्यान्न उत्पादनमा ४० प्रतिशतले वृद्धि भएको छ। जमीनको भाउ बढेको छ। सुनको भाउले त आकाश नै छुन थालेको छ। प्याज पनि १४० रुपियाँ प्रतिकिलो भएको छ। माछामासुको मूल्य पनि बढेको छ। हाम्रो देश जलस्रोतमा धनी भएर पनि हामीलाई सबैभन्दा महँगो मूल्यमा बिजुली प्राप्त भइरहेको छ र त्यो पनि हिजोआज नियमित छैन। आज कुनै यस्तो वस्तु छैन, जसको मूल्य वृद्धि भएको छैन।

यहाँनिर के प्रश्न उठ्छ भने यस अव्यवस्थाको कारण के हो ? के हाम्रो देशमा मूल्य नियन्त्रण गर्ने कुनै निकाय छैन ? के यहाँका मानिस दक्ष नाविक नभएको डुङ्गामा सवार छन् ? गहिरिएर हेर्ने हो भने आज हाम्रो समाजको अवस्था यस्तै देखिन्छ। हरेकले आआफ्नो मनपरितन्त्र चलाउन थालेको छ। सबैले आफूलाई जे गर्न पनि स्वतन्त्र ठान्छन्। तर कुरो यस्तो हैन।

दीर्घकालीन शोषणपछि हामीलाई लोकतन्त्र प्राप्त भएको छ। वास्तवमा भन्ने हो भने हाम्रो देशको आर्थिक अवस्था अत्यन्त दयनीय छ। नयाँ योजना तर्जुमा गरी देशलाई राम्ररी डोऱ्याउन समय लाग्छ। यस्ता पनि केही मानिस छन्, जो देशको सङ्क्रमणकालीन अवस्थाबाट फाइदा लिन खोजिरहेका छन्। सरकार वा अन्य राजनीतिक दल पनि आफ्नै कुर्सी जोगाउन कसरत गरिरहेका छन्। यस कारण निहित स्वार्थको खेल खेल्ने र मुनाफाखोरहरूले सङ्क्रमणकालीन अवस्थाको आडमा आफूखुशी वस्तुको मूल्य निर्धारण गरेर बेचिरहेका छन्। यसरी एउटा विशेष वर्गले समाजलाई भ्रष्टाचारको अखडा बनाइराखेको छ। उनीहरूले सामाजिक जीवनसहित राष्ट्रिय जीवनलाई पनि दूषित बनाएका छन्। देशमा भइरहेको नैतिक पतनले गर्दा नै आज मूल्यवृद्धि एउटा भयावह समस्याको रूपमा देखा परिहेको छ। मुनाफाबाहेक आज एक आपसमा न कुनै प्रकारको सम्बन्ध छ, न रिश्तेदारी।

कुनै पनि देशको आम्दनीको प्रमुख साधन त्यहाँको व्यापार र उद्योग हुने गर्दछ। हाम्रो देशमा उद्योग र व्यापारमा वृद्धि हुनुको साटो दिन प्रतिदिन ह्रास आइरहेको छ। आन्तरिक व्यापार धराशायी र वैदेशिक व्यापारमा वृद्धि भइरहेको छ। विदेशबाट सामान आयातमा वृद्धि भएपछि मूल्यवृद्धि हुनु स्वाभाविक नै हो। देशमा हुने प्राकृतिक प्रकोप र महामारीको नाउँमा सरकारी कोष खाली भइरहेको अवस्था छ। सरकारलाई यो धन जनताबाट नै प्राप्त हुन्छ। परिणामस्वरूप मूल्यवृद्धि भइरहेको छ।

आज जनतामा असन्तोष व्याप्त छ। देशको एक कुनाबाट अर्को कुनासम्म मानिस मूल्यवृद्धिबाट परेशान छ। सरकार विरोधी दलहरूले यसबाट फाइदा उठाउन खोजिरहेका छन्। कतै उनीहरूले केही खास समुदायलाई उचाली आन्दोलन गराइरहेका छन् भने कतै मध्यम वर्गलाई उचाली जुलूस र धर्ना गराइरहेका छन्। अधिकांश जनता उनीहरूले बुनेको जालमा फँसेर पुनः पाँच वर्षका लागि आफ्नो शोषण गर्ने लाइसेन्स दिन बाध्य छ।

वर्तमान मूल्यवृद्धि रोक्ने एउटै उपाय छ। त्यसका लागि जनताको नैतिक उत्थान गर्नुपर्छ। उनीहरूलाई यस्तो नैतिक शिक्षा दिनुपर्छ जसको प्रभाव उनीहरूको हृदयमा परोस्। तर आजभोलि शिक्षा कसैको प्राथमिकतामा रहेको देखिंदैन। विनाचरित्र र सोच परिवर्तनको यस समस्याको कुनै निकास छैन। आआफ्नो स्वार्थ साधन नै आज प्रत्येक नेपालीको जीवन लक्ष्य बनेको छ। आम जनतालाई न राष्ट्रिय भावनाको ध्यान छ, न देशहितको। यस कारण उनीहरूमा देशहितको भावना जगाउने खालको उच्चकोटिको नैतिक शिक्षाको खाँचो रहेको छ। मूल्यवृद्धि न्यून गर्ने अर्को उपाय हो, सरकारको कठोर नियन्त्रण। जसले भ्रष्टाचार गर्छ वा जो अधिकारी भ्रष्ट छन्, उनीहरूलाई तत्काल जागीरबाट निष्काशित गर्नुपर्छ वा कठोर दण्ड दिनुपर्छ।

मूल्यवृद्धिको सम्बन्धमा जनसङ्ख्या वृद्धि पनि एउटा महत्त्वपूर्ण कारण हो। यस कारण मूल्यवृद्धि रोक्न जनसङ्ख्या नियन्त्रणमा ध्यान दिन पनि अति आवश्यक छ। यस कार्यमा जनताले पनि सरकारलाई मदत गर्नुपर्छ र आफ्नो आचरण र सोचमा पनि सुधार ल्याउनुपर्छ। वास्तविकता त के हो भने यदि सरकारले देशको स्थितिमा सुधार ल्याउन चाहन्छ भने उसले पनि आफ्नो नीतिमा स्थिरता ल्याउनुपर्छ, अनिमात्र मूल्यवृद्धिमाथि केही हदसम्म नियन्त्रण गर्न सकिन्छ।


आज अनाचार र भ्रष्टाचार नेपाली जीवनको पर्याय बनेको छ। आर्थिक विषमता दिन प्रतिदिन बढिरहेको छ। भ्रष्टाचारमुक्त क्षेत्र पाउन गाऱ्हो भइसकेको छ। उचित र अनुचितको विचार प्रायः लुप्त भइसकेको छ। यस कारण मूल्यमा नियन्त्रण गर्न गाऱ्हो भइरहेको छ। यदि यसरी नै मूल्यवृद्धि भइरह्यो भने समाजमा अराजकता फैलिन बेर लाग्दैन। यस कारण के आवश्यक छ भने हाम्रा नेताहरू निस्स्वार्थी र निष्पक्ष भएर आर्थिक नीति निर्माण र कार्यान्वयन गरून्, किनभने आयातलाई हतोत्साहित र निर्यातलाई प्रोत्साहित गर्न अति आवश्यक छ। युवा पलायन रोक्ने, स्वदेशमैं रोजगारको सम्भावना बढाउने र कृषि उत्पादनमा वृद्धि हुने खालको देश सुहाउँदो शिक्षा नीति ल्याउन आवश्यक छ। यी उपाय पनि मूल्यवृद्धि न्यून गर्न सहयोगी हुन सक्छ। तर आज के स्थिति छ भने कोरोनाकालमा जो स्वदेशमैं बस्ने सपना बोकेर आएका थिए उनीहरू पुनः विदेशिन बाध्य छन्।

यस दिशामा सरकारी प्रयत्नलाई गति दिनुपर्छ। यदि देशमा अन्न उत्पादनमा वृद्धि भएन, जनताले आफ्नै देशमा रोजगार पाएन, जनता जागरुक भएन वा शासनको भ्रष्टाचारमाथि कठोर नियन्त्रण भएन, समाजिक सोचमा सकारात्मक परिवर्तन भएन भने मूल्यवृद्धि रोक्न सकिन्न। परिणामस्वरूप गरीब जनताले साग–रोटी पाउँदैन र यदि यसो भयो भने त्यस देशको भविष्य के होला भन्न सकिन्न !

# श्री गुरु रामदास महाराजको प्रकाशोत्सव (जन्मजयन्ती)

सिख पन्थका चौथो गुरु श्री गुरु रामदासको जन्म, चुनामन्डी लाहौर (हाल पाकिस्तान)मा कात्तिक, बदी २ (२५, अशु सुदी ६) संवत् १५९१ (२४ सेप्टेम्बर १५३४) मा भएको थियो। माता दया कौर (अनुप कौर) तथा बाबा हरिदास सोढीका यिनी पुत्र अति सुन्दर तथा आकर्षक थिए। रामदासको परिवार अति गरीब थियो, उनीहरू उमालेको चना बेचेर जीवनयापन गर्थे। उनी ७ वर्षको हुँदा उनको पिताको स्वर्गवास भएको थियो। उनकी हजुरआमा (माताकी माता)ले आफ्नो गाउँ बसरके भन्ने ठाउँमा लगिन्, उनले त्यहाँ पनि ५ वर्षसम्म चना बेचेर आफ्नो जीविका चलाएका थिए। सिख धर्मका तेस्रो गुरु साहेब श्री गुरु अमरदास बसरके गाउँ आएको बेलामा भेट हुँदा उनीहरूमा आपसी लगाव तथा सद्भावको सुरुआत भएको थियो।

गुरु रामदास आफ्नी हजुरआमासित गोइन्दवाल आएर त्यहीं बसोबास गर्न थाले। यहाँ पनि उनले चना बेचे साथै गुरु अमरदासद्वारा चलाइएका धार्मिक सङ्गतहरूमा भाग लिन्थे। सेवामा भाँडा माझ्ने, कुचो लगाउने, पङ्खा हम्किने आदि गर्थे। उनले गोइन्दवाल साहेबको निर्माण सेवामा माटो खन्ने र निर्माण सामग्रीहरू छैटीमा राखेर टाउकोमा बोक्ने जस्ता धेरै सेवा गरे। उनको अटुट सेवा, समर्पण, नम्रता देखेर रामदास साहेबको



विवाह गुरु अमरदासकी पुत्री बिबी भानीसित भयो। उनका तीन पुत्र भए– पृथ्वीचन्द, महावीर तथा अर्जुन साहेब। विवाहपछि उनी गुरु अमरदाससँगै बसेर गुरु घरको सेवा गर्न थाले। उनी गुरु अमरदासका प्रिय तथा विश्वासपात्र सिख थिए। उनी भारतका विभिन्न भागको लामो प्रवासको बेलामा गुरु अमरदाससँगै हुन्थे। बिबी भानीले पनि आफ्नो वृद्ध पिताको खानपिन र आराम आदिको सबै ख्याल गरी भरपूर सेवा गर्थिन्।

गुरु रामदास धेरै उच्च वरीयता भएका व्यक्तित्व थिए। उनी आफ्नो भक्ति र सेवाको लागि धेरै प्रसिद्ध भइसकेका थिए। गुरु अमरदासले उनमा गुरु बन्ने हरेक गुण र दृष्टिकोण देखे र सन् १५७४ (१ सेप्टेम्बर)मा उनलाई चतुर्थ नानकको रूपमा स्थापित गरे। गुरु रामदासले चक् रामदास वा रामदासपुरको जग राखे जुन कि पछि अमृतसर भयो। यस कामको रेखदेख गर्नको लागि भाइ सहलो एवं बाबा बुढ्ढालाई नियुक्त गरे। चाँडै नै नयाँ शहर (चक् रामदासपुर) अन्तर्राष्ट्रिय व्यापारको केन्द्र भएको कारणले चम्किन थाल्यो। यो शहर व्यापारिक दृष्टिले लाहौर जस्तै महत्त्वपूर्ण केन्द्र बन्यो। गुरु रामदासले स्वयम् विभिन्न व्यापारसँग सम्बन्धित व्यापारीहरूलाई यस ठाउँमा आमन्त्रित गरे। यो कदम सामरिक दृष्टिले धेरै लाभकारी सिद्ध भयो। यहाँ सिखहरूको लागि भजनकीर्तन बन्दगीको नौलो तथा अनुपम स्थान बनाइयो। यस प्रकार विलक्षण सिख पन्थको लागि नयाँ मार्ग तयार भयो। गुरु रामदासले मन्जी पद्धतिको संवर्धन गर्दै मसन्द पद्धतिको शुभारम्भ गरे। यो पाइला सिख धर्मको प्रगतिमा एक कोसेढुङ्गा साबित भयो। उनले पक्की सडक, शिक्षालय, गुरुको चक्, जुन कि गुरुद्वारा गुरुको महलको नामले प्रसिद्ध छ, तयार गराए। गुरुसाहेबले तुङ्ग गिलवली एवं गुमताला गाउँहरूको जमीन्दारहरूसित सन्तोषसर सरोवर खन्नको लागि जग्गा किने। पछि उनले सन्तोषसरको काम बन्द गरी आफ्नो सारा ध्यान अमृतसर सरोवर खन्नमा लगाए। पानीको महत्त्व अति आवश्यक मानिन्थ्यो। इनार, पोखरी तथा सरोवर धेरै धर्मका कार्य मानिन्थे। कुनै होचा, हरिया रूखहरू भएको ठाउँमा एउटा अनुपम नगर र सरोवर पनि निर्माण गरे। सुक्खा समयमा काम

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## सम्झौतामा तोकिएभन्दा बढी क्षतिपूर्ति दिन सकिन्न -सुडान

कायरो, १६ कात्तिक/एपी

संयुक्त राज्य अमेरिकासँग भएको पछिल्लो सम्झौतामा तोकिएभन्दा अन्य क्षतिपूर्तिसम्बन्धी दाबीहरू भुक्तान गर्न बाध्य नभएको सुडान सरकारले स्पष्ट गरेको छ।

संयुक्त राज्य अमेरिकाले क्षतिपूर्तिका विषयमा सुडानसँग सहमति भइसकेको जनाउँदै आतङ्कवादलाई प्रश्रय दिने मुलुकको सूचीबाट सुडानलाई हटाएको थियो।

सुडानको कानून मन्त्रालयले ट्रम्प प्रशासन र सुडानको नयाँ सरकारबीच एक वर्षअघिदेखि वार्ता भएको जनाएको छ।

सुडानमा हाल सैनिक र नागरिकको प्रतिनिधित्व रहेको मिश्रित सङ्क्रमणकालीन सरकार गठन भएको छ। सन् २०१९ को अप्रिलमा तत्कालीन राष्ट्रपति ओमार अल-बसिरलाई सैनिक नेतृत्वले अपदस्थ गरेपछि नयाँ सरकार गठन भएको हो। नयाँ सरकारले संयुक्त राज्य अमेरिकासँग रहेको तिक्ततापूर्ण सम्बन्ध सुधार गर्ने प्रयत्न गरिरहेको थियो।

सुडानका कानूनमन्त्री नसरिद्दीन अब्दुलवारीले अमेरिकासँग भएको सम्झौताले सुडान र अमेरिकाबीचको सम्बन्ध पुनर्स्थापित गर्ने बताएका छन्। नयाँ सम्झौताले सुडानलाई लोकतन्त्र र आर्थिक सुधारमा थप गति प्रदान गर्न सघाउने उनले विश्वास व्यक्त गरे।

गत शुक्रवार अमेरिकी विदेश मन्त्रालय वाशिङ्टन डिसीमा भएको सम्झौताको हस्ताक्षरले सुडानविरुद्ध अमेरिकी अदालतमा विचाराधीन मुद्दा टुङ्गो लाग्नेछ। केन्या र तान्जानियामा रहेका अमेरिकी राजदूतावासमा सन् १९९८ मा भएका बम आक्रमणमा तत्कालीन सुडान सरकार संलग्न रहेको अमेरिकी आरोप छ। यो आक्रमण सुडानमा अखडा जमाएका ओसामा बिन लादेनको अगुवाइमा भएको थियो।

नयाँ सम्झौतालाई अमेरिकी कङ्ग्रेसले पारित गरेपछि सम्झौता कार्यान्वयनमा आउने छ।

सुडानको सङ्क्रमणकालीन सरकारले उक्त आक्रमणमा परी पीडित भएका नागरिकलाई ३३ करोड ५० लाख अमेरिकी डलर क्षतिपूर्ति तिर्न सहमति जनाएको थियो। रासस

## स्पेनी प्रधानमन्त्री पेड्रो सान्चेजद्वारा राष्ट्रिय एकताका लागि आह्वान

म्याड्रिड, १६ कात्तिक/एएनआई

स्पेनी प्रधानमन्त्री पेड्रो सान्चेजले राष्ट्रिय एकताका लागि सबै स्पेनी नागरिकसँग आह्वान गरेका छन्। उनले भनेका छन्- यो सङ्कटको घडीमा सबै देशवासीले सहयोग गर्नुपर्छ, नत्र महामारीविरुद्ध लड्नका लागि सरकारलाई मात्र गाह्रो पर्नेछ।

स्पेनमा कोभिड-१९ को सङ्क्रमण पहिलेको भन्दा अझ खतरनाकरूपमा बढ्दै गएपछि त्यसलाई नियन्त्रण गर्न सरकारले लकडाउनदेखि अन्यान्य कडा प्रतिबन्धहरू पनि लगाएको छ। तर नागरिकले यी प्रतिबन्धहरूको विरोध गरेका छन्। स्पेनका नागरिकले सरकारले लगाएको प्रतिबन्धविरुद्ध विभिन्न स्थानमा उग्र प्रदर्शन पनि गरिरहेको प्राप्त समाचारहरूले जानकारी दिएका छन्।

सरकारले लामो समयका लागि र देशव्यापीरूपमैं निकै कडा खालको प्रतिबन्ध लगाएपछि यसविरुद्ध नागरिक प्रदर्शनमा उत्रेका छन्। त्यसैले प्रधानमन्त्री पेड्रो सान्चेजले राष्ट्रिय एकताका लागि सबै स्पेनी नागरिकसँग आह्वान गरेका हुन्। उनले सबैलाई जिम्मेवारी पूरा गर्न र नागरिक दायित्व निर्वाह गर्न आह्वान गरेका छन्।

महामारी नियन्त्रण गर्न हालका लागि लकडाउनभन्दा अर्को कुनै विकल्प नरहेकोले सरकारले यसो गर्नुपरेको हो भन्दै उनले यसका लागि सबै नागरिकको सहयोग नहुने हो भने अप्ठेरो पर्ने बताएका हो।

कतिपय नागरिकले सरकारको अहिलेको प्रतिबन्धविरुद्ध हिंसात्मकप्रदर्शन गरेको प्रसङ्ग उल्लेख गर्दै प्रधानमन्त्री पेड्रो सान्चेजले नागरिकको यो गैरजिम्मेवार कामले महामारी नियन्त्रणमा कठिनाइ हुने कुरा ट्वीट गरेर उल्लेख गरेका छन्।

उनले कोभिडको महामारीले देशमा निकै ठूलो क्षति हुने अवस्था आएको छ भन्दै यस्तो अवस्थामा सबै नागरिकले आफ्नो ठाउँबाट कुनै न कुनै रूपमा बलिदान र सहगोग नगर्ने हो भने देश नै सङ्कटमा पर्ने कुरा ट्वीटमार्फत जानकारी दिएका हुन्। रासस

## भारतमा कोभिड-१९ सङ्क्रमित ८१ लाख ८४ हजार नाघे

नयाँ दिल्ली १६ कात्तिक/एएनआई

भारतमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या आइतवारसम्म ८१ लाख ८४ हजार नाघेको छ। भारतीय स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ४६ हजार ९६४ जना नयाँ सङ्क्रमित थपिएका छन् भने ४७० जनाको मृत्यु भएको छ।

कोभिड-१९ बाट सङ्क्रमितमध्ये करीब ७४ लाख ९१ हजार व्यक्ति सङ्क्रमणमुक्त भएका छन्। कोभिड-१९ को सङ्क्रमणबाट हालसम्म १ लाख २२ हजार १११ जनाको मृत्यु भएको छ। केही दिनदेखि नयाँ सङ्क्रमित र मृत्यु दरमा निरन्तर कमी आएको छ।

भारतभरि हाल पाँच लाख ७० हजार ४५८ जना सक्रिय सङ्क्रमित रहेका छन्। भारतको महाराष्ट्र राज्य सबभन्दा प्रभावित राज्यको रूपमा रहेको छ। यहाँ १ लाख २४ हजार १४२ जना सक्रिय सङ्क्रमित रहेका छन्। महाराष्ट्रमा १५ लाख १० हजार ३३५ जना यस भाइरसबाट मुक्त भएका छन् र ४३ हजार ९११ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ।

त्यसपछि दोस्रो स्थानमा केरला रहेको र यहाँ ९१ हजार २९७ जना सक्रिय सङ्क्रमित रहेका र ३ लाख ४० हजार ३२४ कोरोनामुक्त भएका छन्। एक हजार ४८४ जनाको मृत्यु भएको छ। तमिलनाडुमा २२ हजार १६४ जना र नयाँ दिल्लीमा ३२ हजार ७१९ जना सक्रिय सङ्क्रमित रहेका छन्। रासस

### श्री गुरु रामदास ..........

लगाउँथे। गुरुको चक्को जग राख्ने बेलामा सरोवर पनि खन्न लगाए। यस सरोवरलाई पछि गुरु अर्जुनदेव महाराजले पक्की गरे तथा यसको नाम सन्तोषसर राखे। त्यस बखतमा सरोवरहरूको अति महत्त्व थियो। यस कारण सिखजगत्मा यसको महानता हुन्थ्यो। गुरुहरूले आफ्नो हातले रचना गरेको यिनलाई गुरुको हातको वरदान पनि प्राप्त थियो। रामदास सरोवर नाते ॥ सभ उतरे पाप कमाते ॥ तीर्थ धर्मको आधारशिला, अमृत सरोवर स्नानको महत्ता ॥ गुरु रामदासले सिख धर्मलाई आनन्द कार्यको लागि चार लाँवा (विवाहको बेलामा गरिने विधि तथा शब्द)को रचना गरे तथा सरल विवाह गुरमत मर्यादा समाजको अगाडि राखे। यस प्रकार उनले सिख पन्थको लागि एक विलक्षण वैवाहिक पद्धति दिए। यस प्रकार भिन्न वैवाहिक पद्धतिले समाजका रुढीवादी परम्पराहरूलाई टाढा पुऱ्याइदियो। बाबा श्री चन्दका उदासी सन्तहरू तथा अन्य धर्मावलम्बीहरूसित सौहार्दपूर्ण सम्बन्ध स्थापित गरे। गुरु साहेबले आफ्ना गुरुहरूद्वारा प्राप्त लङ्गर (गुरुद्वारामा वितरण गरिने निश्शुल्क भोजन)प्रथालाई अगाडि बढाए। अन्धविश्वास, वर्ण व्यवस्था आदि कुरीतिहरूको घोर विरोध गरे। उनले ३० रागमा ६३८ शब्द लेखे, जसमा २४६ पउडी, १३८ श्लोक, ३१ अष्टपदी तथा ८ बारां छन्। यिनी सबैलाई गुरुग्रन्थ साहेबमा अङ्कित गरिएको छ। उनले आफ्नो सबैभन्दा कान्छो छोरा अर्जुन साहेबलाई पञ्चम नानकको रूपमा स्थापित गरे। त्यसपछि उनी अमृतसर छाडेर गोइन्दवाल गए। भाद्र सुदी ३ (२ अशु सुदी संवत् १६३८) १६ सेप्टेम्बर १५८१ मा ज्योति जोत समाए। पछि आएर दरबार साहेब स्वर्ण मन्दिर अमृतसरमा महाराजा रणजीत सिंहको पालामा यिनमा स्वर्ण सम्बन्धित सजावटको कामलाई पूर्णता दिइयो।

हरमन्दिर साहेब, स्वर्णमन्दिर पञ्जाब अमृतसर (भारत) संसारभरिमा एक अद्भुत, फरक आकर्षण, आस्थाको दर्शनीय तथा श्रवणीय ऐतिहासिक एवं धार्मिक स्थल हो। यस पावन तथा पवित्र स्थलमा बाऱ्ह महीना चौबीसै घण्टा श्रद्धालु, भक्तालु तथा पर्यटकले भरिपूर्ण चकमन्न तथा आस्थामय भइराख्छ। गुरु साहेबहरूको इच्छा, चाहना तथा वरदान अनुसार यो विश्वको एक यस्तो आस्थाको थलो र केन्द्र बनेको छ, जसको वर्णन गर्ने शब्द नै छैन। भनिन्छ, सरोवरको स्नानले कृपा, भक्ति र स्वास्थ्य मिल्छ, शरीर चङ्गा हुन्छ। त्यहाँको वातावरण र शब्द कीर्तनले आत्मा र मन दुवै चङ्गा हुन्छ। स्वर्णमन्दिर साहेब कहिले पनि निदाउँदैनन्। अमृत बेलामा माथि तख्तबाट श्री गुरुग्रन्थ साहेबको सवारी आएपछि दरबार शुरू हुन्छ। त्यसपछि शब्द कीर्तन, पाठ, दर्शन भेट, आस्था भक्ति, प्रत्येकपटक कडाह प्रसाद (हलुवा प्रसाद), शुद्ध घ्यूको चौबीसै घण्टा गुरुको लङ्गर (निश्शुल्क भोजन प्रसाद), बस्नलाई सानादेखि आलिशान कोठाहरू न्यूनतम शुल्क ठाउँ हेरेर (कहिलेकाहीं अग्रिम बुकिङ गर्नुपर्छ) पाइन्छ। राति श्री गुरुग्रन्थ साहेबको फिर्ती सवारी माथि शयनकक्षमा भएपनि चहलपहल, रौनक, मेला उस्तै हुन्छ। दरबारभित्र सधैं मार्बलको पालिस, स्वच्छ जल, त्यसपछि घैलाका घैला दूधले भुइँलाई धोइन्छ। सबै सुनका छत्र तथा अन्य सुनका सामग्रीलाई पालिस गरिन्छ। नयाँ वस्त्रहरू, ताजा फूलहरू, इत्रहरूले सुगन्धित पारेर तयार गरिन्छ। गुरुद्वाराको शब्द कीर्तनलाई अति कर्णप्रिय मानिन्छ। असोज महीना खासगरी त्यहाँ विशेष हुने गर्दछ। गुरु रामदास महाराजको जन्मजयन्ती (प्रकाशोत्सव) तिथिको हिसाबले यही महीनाको (नोभेम्बर २ तारिख २०२०) २०७७ कात्तिक १७ गते सोमवार पर्छ। सो उत्सव महीना दिनसम्म व्यापकरूपमा मनाइन्छ तर यसपालि कोरोना महामारीले गर्दा सादा नै हुनेछ। संसारका विभिन्न स्थानबाट श्रद्धालुहरूको यहाँ मेला लाग्ने गर्दछ। चहलपहल, रौनक, शब्द कीर्तन, प्रवचन, धार्मिक गोष्ठी, स्नान, ध्यान तथा दीपावलीले त्यहाँको नजारा हेर्ने लायक हुने गर्दछ।

गुरु रामदास महाराजले उसिनेको चना बेचेर आफ्नो जीविकोपार्जन गर्ने तथा गुरु घरको सेवा टहल गर्थे। आज त्यही पवित्रस्थलमा प्रतिदिन १ लाख भक्तालुहरूले आश्रय पाउँछन्, लङ्गर भोजन पाउँछन्। धन्य श्री गुरु रामदास महाराज। यस गुरु पर्वको उपलक्ष्यमा सबैमा हार्दिक बधाई तथा शुभकामना।

श्री रामदास महाराजको कृपाले संसारमा व्याप्त कोरोना महामारीलगायत अन्य सबै रोग, प्राकृतिक प्रकोपहरूबाट मानव तथा सबै जीवले मुक्ति पाऊन्। सबैको जीवन स्वस्थ, समृद्ध र खुशीयालीले परिपूर्ण होस् भनी प्रार्थना गरौं।

-**जसपाल सिंह**, वीरगंज-१४

# दशैं, हलोविन, निर्वाचन र मणिराम शर्मा

स्वतन्त्र विचार



कुमार रुपाखेती

**उनी (मणिराम शर्मा) सन् १९८७ मा अमेरिका गएको र सन् १९९५ तिर ताजमहल खोलेका रहेछन्, जुन त्यहाँको स्तरीय रेस्टुरेन्ट रहेछ। जमानामा उनी लामो समयसम्म मन्त्री शैलेन्द्रकुमार उपाध्यायको पिएसमेत रहेछन्। थुप्रै सीप भएर पनि नेपाली बैंकहरूबाट ऋण लिन गाऱ्हो भएपछि उनी जीवन निर्वाहका लागि अमेरिका आएका रहेछन्।**

**दशैं**:

यस वर्ष मानव मात्र नभई चाडपर्वहरूसमेत कोरोनापीडित बने। वर्षमा एकपल्ट दशैं मान्न घर आउनेहरू यसपालि घर आउन सकेनन्। नजीक भएकाहरूले समेत मोबाइलबाटै शुभकामना आदानप्रदान र आशीर्वाद लिए। कतिपय ठाउँहरूमा दशैं मेला लाग्न सकेन, कतिपय मन्दिर नै बन्द रहे। अमेरिकामा बस्ने नेपालीहरूले समेत परम्परागतरूपमा दशैं मनाउँदा रहेछन्।





खसी काट्ने, जमरा थाप्ने र दशमीका दिन टीका लगाएर हिंड्नेहरू यहाँ पनि देखिए। यहाँका कतिपय नेपाली मन्दिरहरूले दशमीका दिन जमरा वितरण गर्दा रहेछन्। भर्जिनियाको राजधानी नामक मन्दिरले निकै जमरा वितरण गर्दोरहेछ।

**हलोविन**:

२१ अक्टुबरका दिन अमेरिकालगायत मुलुकमा हलोविन भन्ने चाड धूमधामले मनाइन्छ। यो क्रिश्चियनहरूको ठूलो पर्व रहेछ। यो पर्व दिवङ्गत आत्मा, गुरु र शहीदहरूको सम्झनामा मनाइँदो रहेछ। अक्टोबर महीनाको प्रारम्भदेखि नै घर-आँगन, खुला चौर, सार्वजनिक स्थलहरूमा विभिन्न आकृति र चित्रहरू राखेर सजाइन्छ। मृत आत्माको सम्झनामा गरिने पर्व भएकोले होला यो पर्वमा कङ्काल, फर्सी, भूतप्रेत र डरलाग्दा ठूला माकुरा आदिको ठूल्ठूला आकृति बनाएर घर, ढोका र चौरमा राखिन्छ। यो पर्वमा फर्सीको विशेष महत्त्व देखिन्छ। फर्सीले पुनर्जन्म र जीवनको शक्ति दर्शाउँछ भनेर क्रिश्चियनहरूको विश्वास र परम्परा रहेछ। अमेरिकामा अन्नपात, बाली भित्र्याउने समयसमेत यही महीनातिर पर्ने भएकोले राम्रो बलि र समृद्धिको सूचकसमेत मानिन्छ हलोविन पर्व। अमेरिका, मेक्सिकोलगायत मुलुकले यो पर्व ३१ अक्टुबरमा मनाए पनि इङ्गल्यान्डलगायत युरोपेली राष्ट्रमा यो पर्व १ नोभेम्बरमा मनाइन्छ। यो पर्वमा केटाकेटीहरू विभिन्न किसिमका कस्ट्युम (लुगा) लगाउँछन् जस्तै सुपर-हिरो, हिरोइनको पहिरन, डरलाग्दा जनावरको वेशभूषा, फलफूलसहितको पहिरन लगाएर समूह बनाएर छिमेकीको घरमा ट्रिक अर ट्रिट भन्दै हल्ला गर्दै पुग्छन्। यसरी ढोकामा आउने केटाकेटीलाई घरमुलीले चकलेट, क्यान्डी, जुस आदि खानेकुरा दिएर स्वागत गर्दछन्। यो पर्वमा बच्चाहरूका साथ अभिभावकहरू समेत निकै सक्रियरूपमा सरिक हुन्छन्। यो दिन घर अगाडि सानो धुनी बाल्ने, नाचगान गर्ने, भोज गर्ने र शाकाहारी खाना खाने गरिन्छ। जाको-ल्याटर्न अर्थात् विभिन्न आकृति कुँदेको पाकेको फर्सी घरदैलोमा देखिन्छ। हलोविनका सबै फोटो मेरा नातिनी ७ वर्षीया सान्भीले खिंचेकी हुन्।

**निर्वाचन**:

अहिले अमेरिकामा राष्ट्रपति निर्वाचनको गहमागहमी देखिन्छ। रिपब्लिकन र डेमोक्रेटहरू आआफ्नो उम्मेदवार जिताउन जीउ-ज्यानले लागेका छन्। चार वर्ष अघिको निर्वाचनमा हिलारी जित्ने र ट्रम्प हार्ने निश्चितझैं भएकोले थुप्रै ट्रम्प समर्थकहरूले मतदान नगरेको, त्यस्तै जित्ने निश्चित प्रायः भएकाले हिलारी समर्थक थुप्रैले मतदान नगरेका रहेछन्। तर निर्वाचन परिणाम ट्रम्पको पक्षमा गयो। त्यसैले यसपटक दुवै पक्षका समर्थकहरू बढीभन्दा बढी सङ्ख्यामा मतदान गर्दैछन्। अमेरिकी राष्ट्रपति निर्वाचन इतिहासमा यसपल्ट सबैभन्दा बढी मतदान हुने अनुमान गरिएको छ। नोभेम्बर ३ तारिखसम्म कसले विजय प्राप्त गऱ्यो भनी संसारले नै थाहा पाउने व्यवस्था गरिएको छ। यसपटक पनि ट्रम्प कमजोर देखिएका छन्। विगतको निर्वाचनझैं उनको जादू चल्नेमा उनका कार्यकर्ता ढुक्क छन्।

**मणिराम शर्मा**:

करीब चालीस वर्षपछि शायद २०७१ सालतिर मैले गोपाल गोतामे पत्रकारिता पुरस्कार वितरण कार्यक्रमको मञ्चमा अचानक ध्रुवचन्द्र गौतम र जगदीश शर्माको बीचमा मणिराम शर्मालाई देख्दा आश्चर्यमा परे। यो कार्यक्रम होटल सम्झनामा भएको थियो। शर्मा र गौतम बालसखा हुन् र करीब ३४ वर्ष अघिदेखि मणिराम शर्मा अमेरिकामा बस्दै आएका थिए। मैले चाहेर पनि त्यो बेला मणिरामसँग कुरा गर्न पाइनँ, खोइ उनी मञ्चबाट ओर्लिएर कता गए ! तर दशैं टीकाको भोलिपल्ट अर्थात् २६ अक्टुबरका दिन म उनलाई भेट्न १५७ माइल्स टाढा रहेको पेन्सिलभेनिया राज्यको लैङ्कास्टर पुगें। उनी कसैलाई सितिमिति नभेट्ने भएकाले मेरील्यान्डमा बस्ने वीरगंजकै गणेश श्रेष्ठ र रञ्जिता श्रेष्ठलाई भनेर समय मिलाएको थिएँ। गणेश र रञ्जिनालाई मणिरामले छोरीज्वाइँ सरह व्यवहार गर्दा रहेछन्। लैङ्कास्टरमा मणिरामको ख्यातिप्राप्त ताजमहल रेस्टुरेन्ट छ। हाम्रो न्यानो भेट त्यहीं भयो। उनले हामीलाई खाना खुवाएपछि आफ्नो सङ्घर्षको सानो कथाव्यथा सुनाए। उनी सन् १९८७ मा अमेरिका गएको र सन् १९९५ तिर ताजमहल खोलेका रहेछन्, जुन त्यहाँको स्तरीय रेस्टुरेन्ट रहेछ। जमानामा उनी लामो समयसम्म मन्त्री शैलेन्द्रकुमार उपाध्यायको पिएसमेत रहेछन्। आफूसँग थुप्रै सीप रहेको तर पैसा नभएको र नेपाली बैंकहरूबाट ऋण लिन गाऱ्हो भएपछि उनी जीवन निर्वाहका लागि अमेरिका आएको बताए। उनी यस अघि सन् १९७६ मा समेत केही समय अमेरिका बसेर आएका रहेछन्। उनी अमेरिका र नेपालमा सामाजिक सेवामा समेत सक्रिय छन्। उनले नेपालको एउटा विद्यालयलाई वार्षिक ५ लाख पठाएर, बच्चाको स्तरीय पढाइ गराउँदै आएको, स्वास्थ्य क्षेत्रमा नेपालमा व्यक्तिगत सहयोग गरिरहेको, यही २०२० मा मकवानपुरमा यहाँबाट ख्यातिप्राप्त डाक्टरहरू लगेर निश्शुल्क चेकजाँच र अपरेशनको व्यवस्था मिलाएकोमा कोभिड-१९ ले गर्दा सो योजना थाती राखेको बताए। यस्तै आफ्नो ताजमहलमा काम गर्ने दर्जनौं नेपाली दाजुभाई र केही भारतीयहरूलाईसमेत ग्रीनकार्ड दिलाउन सहयोग गरेका रहेछन्। पाँच वर्ष अघि पत्नी इन्दिरा शर्माको निधनपछि मणिराम शर्मा अलि निराश भएका र थाकेको मैले महसूस गरें तापनि झन्डै ८० वर्ष पुग्न लागेका उनी आफैं गाडी चलाउने, सधैं जीम जाने, वाकमा जाने गर्नाले फुर्तिला युवाजस्तै देखिन्थे। अब उनी ताजमहलबाट बिदा हुन चाहेको बताए। पत्नीको देहावसानपछि शर्माको सहारा बनेकी छिन् उनकी छोरी। ताजमहल अब उनी नातिको जिम्मा लगाउन चाहन्छन्। त्यहाँ बस्ने नेपालीहरूका लागि मणिराम एउटा सल्लाहकार, अभिभावक र सम्मानित व्यक्तित्व रहेछन्। उमेरले गर्दा उनले आफ्नो तीनवटा ग्याँस स्टेशन बेचेको तर उत्तराधिकारीहरूको सहयोगले ताजमहल नबेच्ने, न बन्द गर्ने उनको इच्छा रहेछ। बुढेसकालमा केही समय नेपालमा र केही समय अमेरिकामा बिताउने समाजसेवी मणिरामको चाहना रहेछ। आफ्नो समयमा वीरगंजमा जेहेन्दार विद्यार्थी मानिने मणिराम शर्मा त्यतिखेर नै टाई र सुटको शौखिन थिए। उनको टाई-सुटको शोख अझै कायम छ। मणिराम शर्माजस्ता सङ्घर्षशील व्यक्तित्व सबैको लागि प्रेरणा बनोस्, उनको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछु !

# दोषी नउम्किऊन्, निर्दोष नफसून् –वक्ताहरू

प्रस, वीरगंज, १६ कात्तिक/

नेकपा पर्सा क्षेत्र नं ४ का अगुवा कार्यकर्ता भेला तथा शोकसभा जीराभवानी गाउँपालिकाको सुपौली भवानीपुरमा सम्पन्न भएको छ।

पर्सा निर्वाचन क्षेत्र नं ४ स्थित ६ वटै पालिका कमिटीका अध्यक्ष, सचिव, जिल्ला कमिटी सदस्य, स्थानीय तहमा नेकपाका निर्वाचित जनप्रतिनिधि र अगुवा कार्यकर्ताहरूको सहभागिता रहेको कार्यक्रममा कालिकामाई गाउँपालिका अध्यक्ष मनोज गुप्ता, जीराभवानी गाउँपालिका अध्यक्ष रामप्रीत महतो, जिल्ला कमिटीका सदस्य तथा कालिकामाई पालिका कमिटीका



सुपौलीमा भएको सचिवहरूको भेला। तस्वीर: सौजन्य

सो क्षेत्रका अगुवा कार्यकर्ताहरूको अग्रसरतामा भएको भेलामा सहभागीहरूले विन्ध्यवासिनी घटनामा ज्यान गुमाएका सो पार्टी पर्सा जिल्ला कमिटी सदस्य तथा विन्ध्यवासिनी गाउँपालिका कमिटीका सचिव मुकेश चौरसियाप्रति श्रद्धाञ्जलि अर्पण गरेका थिए। पार्टी एकतापछि निर्वाचन क्षेत्रीय कमिटी नबनिसकेको र जिल्ला कमिटी चरम विवादमा फसेको बेला विन्ध्यवासिनी घटना भएपछि स्वस्फूर्तरूपमा क्षेत्रका पार्टी नेता, कार्यकर्ताहरू भेला भएको नेकपा पर्सा जिल्ला कमिटी सदस्य रामकाजी श्रेष्ठले बताए।

सभाका वक्ताहरूले विन्ध्यवासिनी घटनालाई दुःखद र अकल्पनीय दुर्घटना भन्दै घटनाका दोषीहरूलाई कडा कारबाई गर्नुपर्ने तर निर्दोष व्यक्तिलाई कुनै पनि हालतमा फसाउन नहुने बताएका छन्। संवेदनशील घटनामा केही पक्षले निहित स्वार्थ साँधेर खेल्न खोजेको भन्दै त्यसो नगर्न वक्ताहरूले खबरदारीसमेत गरेका थिए।

कार्यक्रममा नेकपाका नेता एवं संविधानसभा सदस्य जयप्रकाश थारूले दशजना दोषी उम्किएकोभन्दा एकजना निर्दोष व्यक्ति फस्नु न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुने भन्दै यस्ता घटनाहरूमा पार्टीका नेता, कार्यकर्ताले विवेकपूर्ण र सत्यतथ्यमा आधारित निष्पक्ष भूमिका निर्वाह गर्नुमैं सङ्गठनको दीर्घकालीन हित हुने बताए।

नेकपा पर्साका अगुवा तथा जगरनाथपुर गाउँपालिकाका अध्यक्ष जालिम मियाँले घटनाको प्रत्यक्ष भिडियो सार्वजनिक भइसकेको र प्रत्यक्षदर्शीहरूसमेत साक्षी रहेको अवस्थामा दोषी पहिचान गर्न कठिन नरहेको जिकिर गरे। दोषीमाथि कारबाई हुनुपर्ने र निर्दोषलाई फसाउन नहुने माग लिएर आफू पनि शव जुलुसमा सहभागी भएको स्पष्ट पार्दै अध्यक्ष मियाँले हाल प्रहरीले दर्ता गरेको नामावलीमा घटनामा संलग्न नरहेको व्यक्ति पनि परेको बताए।

सचिव शम्भु पाल, छिपहरमाईका पार्टी सचिव अनुप तिवारी, जीराभवानी पालिका कमिटी अध्यक्ष शशिकपूर थारू, ठोरीका पार्टी अध्यक्ष खगेन्द्र श्रेष्ठ, जिल्ला कमिटी सदस्य लालबहादुर श्रेष्ठ, क्षेत्रका अगुवा राजबली यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए।

सम्पन्न भेलाले निर्वाचन क्षेत्रस्तरीय पार्टी कार्यक्रमहरू गर्दा क्षेत्रीय कमिटी नबनेसम्म संयुक्त पालिका कमिटीले गर्ने साथै जिल्ला कमिटीका अध्यक्ष र सचिवबाहेक गुट–उपगुट खडा गर्न उद्धत केन्द्रीय नेताहरूलाई संयुक्त पालिका कमिटीको इजाजतबेगर क्षेत्रभित्र कुनै पनि कार्यक्रममा सहभागिता नगराउने सम्बन्धमा छलफल भएको कार्यक्रमका सहभागीहरूले बताएका छन्।

## नेका महासमिति सदस्य धानुकको निधन

प्रस, सिम्रौनगढ, १६ कात्तिक/

नेपाली काङ्ग्रेसका महासमिति सदस्य एवं बाराका सक्रिय काङ्ग्रेसी नेता मेदनी महतो धानुकको ५२ वर्षको उमेरमा निधन भएको छ।



स्व. मेदनी महतो धानुक।

आदर्श कोतवाल गाउँपालिका–५ टेडाकट्टी निवासी धानुकको पार्थिव शरीरमा नेका बाराका कोषाध्यक्ष चन्द्रशेखर यादव, क्षेत्रीय सभापति एवं सिम्रौनगढ नपाका नगरप्रमुख विजयशङ्कर यादवले संयुक्तरूपमा पार्टीको झन्डा ओढाएर अन्तिम श्रद्धाञ्जलि अर्पण गरेका थिए।

आज टेडाकट्टीस्थित खोलामा उनको अन्तिम संस्कार गरिएको छ। संविधानसभा सदस्य डा शोभाकर पराजुलीले धानुकको निधनले पार्टीलाई अपूरणीय क्षति भएको बताए। यसैगरी, पूर्वमन्त्री कलावती पासवान, नेका बाराका सभापति जयचन्द्र चौरसिया, प्रदेशसभा सदस्य देवदत्त बछार, महासमिति सदस्य उपेन्द्र जयसवाल, ज्वाला साहलगायतले धानुकप्रति श्रद्धाञ्जलि व्यक्त गरेका थिए।

### बालिकाको बलात्कार....

घटनामा संलग्न युवक मुखियालाई समातेर स्थानीयले प्रहरीको जिम्मा लगाएका थिए। मुखियाविरुद्ध करणीसम्बन्धी कसूरमा अनुसन्धान शुरू गरिएको सर्लाहीका प्रहरी प्रवक्ता मदन कुँवरले जानकारी दिएका छन्।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|




# खेलकुदको संसार

## नकआउट क्रिकेट: इलेभेन स्टार विजयी

प्रस, पर्सागढी, १६ कात्तिक/

नकआउट क्रिकेट प्रतियोगिता अन्तर्गत आइतवार भएको खेलमा इलेभेन स्टार क्रिकेट टीम कलैयाले परवानीपुर क्रिकेट क्लबलाई ५३ रनअन्तरले पराजित गरेको छ।



तस्वीर: प्रतीक

पर्सागढी नगरपालिका–४ स्थित नेरामावि बर्वाछोटैलीको खेलमैदानमा टस जितेर ब्याटिङ रोजेको इलेभेन स्टारले ९ विकेट गुमाउँदै ११६ रन बनाएको थियो। प्रतिउत्तरमा परवानीपुर क्रिकेट क्लब ५ ओभरमा सबै विकेट गुमाउँदै ६३ रनमा सीमित भयो। खेलको म्याद अफ दि म्याच इलेभेन स्टार क्लबका नरेश राम भए। उनलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अच्छेलाल यादवले पुरस्कृत गरेका थिए। नरेशले १८ बलमा ४३ रन बनाउनुका साथै ४ विकेट लिएको आयोजक बर्वाछोटैली क्लबका अध्यक्ष आलोक सिंहले जानकारी दिए।

## निरहुआलाई हेर्न रक्सौलमा भीड

प्रस, रक्सौल, १६ कात्तिक/

रक्सौलमा विधानसभा निर्वाचनको प्रचारमा आएका भोजपुरीका चर्चित कलाकार एवं भारतीय जनता पार्टीका नेता दिनेशलाल यादव (निरहुआ)को कलाकारिता हेर्न मानिसहरू झुम्मिएका थिए।



चुनावी कार्यक्रमलाई सम्बोधन गर्दै निरहुआ। तस्वीर: राजेश केसरीवाल

रक्सौल विधानसभाबाट भाजपाका उम्मेदवार प्रमोद सिन्हाको प्रचारमा आएका निरहुआलाई हेर्न भाजपाका मात्र होइन अन्य पार्टीका समर्थकहरू पनि पुगेका थिए। उनले आफ्नो चलचित्र 'निरहुआ रिक्शावाला' रक्सौलमा ६ महीना प्रदर्शन भएकोमा खुशी व्यक्त गरे। उनले आफूलाई रक्सौलवासीले कलाकारको रूपमा माया गरेकोमा धन्यवाद दिए। भाजपाले आयोजना गरेको चुनावीसभामा शनिवार नेताको भाषणभन्दा निरहुआलाई हेर्न मानिसहरूको भीड लागेको थियो।

भीड व्यवस्थापन गर्न सुरक्षाकर्मीहरूलाई हम्मेहम्मे पऱ्यो। कोरोना सङ्क्रमणको बेलामा चुनावी प्रचारमा मानिसहरूको भीड जोखिमपूर्ण भएपनि निरहुआलाई हेर्न कोरोना बिर्सिएका थिए। कार्यक्रममा भाजपा प्रदेश अध्यक्ष डा सञ्जय जयसवाल, प्राध्यापक अनिल सिन्हा, ई जीतेन्द्र कुमारलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## स्व. चौरसियाको परिवारलाई आर्थिक सहयोग

प्रस, वीरगंज, १६ कात्तिक/

विन्ध्यवासिनीमा भएको घटनामा मृत्यु भएका नेकपा गाउँपालिका कमिटीका सचिव मुकेश चौरसियाको परिवारलाई रु ५० सहयोग गरिएको छ।



स्व. चौरसियाका परिवारलाई सहयोग गर्दै। तस्वीर: सौजन्य

नेकपा पर्साको तर्फबाट सचिव विजय महतोले मृतक चौरसियाका परिवारलाई रु ५० हजार नगद सहयोग गरेका हुन्।

कार्यक्रममा नेकपा केन्द्रीय सदस्य एवं प्रदेश सहइन्चार्ज नागेन्द्र चौधरीले घटना दुःखद भएको र दोषी नउम्किने बताए।

कार्यक्रममा पर्सा इन्चार्ज रामचन्द्र साह, नेकपाका केन्द्रीय सदस्य उर्मिला अर्याल, वीरगंज महानगर इन्चार्ज दिनेश राई, प्रदेश कमिटी सदस्य बालगोपाल थापा, छोटेलाल यादवलगायतको सहभागिता रहेको प्रेस सङ्गठन नेपाल पर्साका संयोजक नीरज पिठाकोठे मगरले बताएका छन्।

## हिन्दू परिषद्को कमिटी गठन

प्रस, पोखरिया, १६ कात्तिक/

हिन्दू परिषद् नेपाल पोखरिया नगर कमिटी गठन भएको छ।

अखलेश कुर्मीको अध्यक्षतामा ३१ सदस्यीय कमिटी र ५ सदस्यीय सल्लाहकार समिति गठन भएको हो।

३१ सदस्यीय कमिटीमा वरिष्ठ उपाध्यक्ष सुरज साह कानू, उपाध्यक्ष रामबालक राम, लालदेव कुर्मी, सचिव नन्देश्वर पटेल, सहसचिव राजन मिश्र, कोषाध्यक्ष जवाहिर साह कानू, प्रवक्ता धर्मेन्द्र चौरसियालगायत सदस्यहरू छन्। कार्यक्रम हिन्दू परिषद् नेपालका अध्यक्ष सन्तोष पटेलको प्रमुख आतिथ्यमा भएको थियो।




**स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी**

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।